# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७८/०६/१२

### आठौं अधिवेशन

### (छब्बिसौं बैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको छब्बिसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई अनुमति दिन्छु ।

माननीय सभामुख महोदय सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को खण्ड (क) बमोजिम सभामा छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(“हुन्छ” भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफल समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदन माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलफलमा सामाजिक विकास समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनु हुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाँच) मिनेटको समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय बल बहादुर सोडारीलाई समय दिन्छु ।

**माननीय बल बहादुर सोडारी**

माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७७ सामाजिक विकास समितिले दफावार छलफल गरि तयार भएको प्रतिबेदन गरिमामय सभामा प्रस्तुत भएको छ । समितिका माननीय सदस्यज्यूहरु, सम्बन्धीत मन्त्रालयका मन्त्रीज्यू, राज्यमन्त्रीज्यू र सचिवज्यू लगायत विज्ञ कर्मचारीहरुको उपस्थितिमा यो प्रतिबेदन तयार भएको छ । यसमा उल्लेख नभएका दफाहरु पनि केही थप गरेर समितिले प्रतिबेदन तयार गरेर ल्याएको छ । सर्व प्रथम म यो समितिलाई धन्यवाद दिन चाहान्छु र यो २०७८ असार २७ गते देखि हिजो मात्रै ११ गते सदन चलेको हुनाले यो प्रस्तुत अगाडी नै पास गर्नु पर्थ्यो यो विधेयक यो समितिले अगाडी नै पेश गर्नु पर्थ्यो ढीला भएको हुनाले पनि धेरै ढीलो भएको महसुस भएको छ । विधेयकमा व्यवस्था भएका दफाहरु धेरै राम्रा देखिन्छन र यसको आवश्यक पनि भएको हुनाले यो छिटै पारित गरियोस भन्ने भनाईका साथ आफ्ना भनाईहरु अन्त्य गर्दछु धन्यवाद ।

**माननीय महेश दत्त जोशी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७७ को जुन यो प्रतिबेदन आएको छ सामाजिक विकास समितिबाट यो प्रतिबेदन करिव करिव मुल विधेयवकलाई संशोधन र केही सुझाव सहित आएको प्रतिबेदन छ । यसमा धेरै कुराहरु त आवश्यक थियो र त्यो गर्नु पर्ने भएकाले समितिले व्यापक छलफल गरेको छ र मेरो १-२ ठाउँमा सुझाव छ यो दफा २ को उपदफा (ज) मा पशु भन्नाले मानिस बाहेक सम्पूर्ण जिवित जनावर सम्झनु पर्छ सो शब्दले पंक्षि र माछा एवं वतशाला एवं मासु व्यवस्थापनको सन्दर्भमा गाइ गोरु बाहेकको जनावरलाई जनाउछ भन्ने शब्द साविकको विधेयकमा रहेछ यसमा

पशु भन्नाले मानिस बाहेक घर पालुवा जनावर र जंगली जिवित जनावरलाई सम्झनु पर्छ सो शब्दले पंक्षि र माछा समेतलाई जनाउछ भन्ने संशोधनमा आएछ । अब यसमा मेरो सुझाव के छ भने बन ऐन आकर्षित हुन्छ हामीले बन ऐन पास गर्या छौ जसमा जंगली जिवित जनावर सम्झनु पर्छ भन्ने शब्द यहा के छ भने मासुको लागि भनेर पछि कारणमा के देखाइया छ भने घर पालुवा र जंगली समेतलाई जनाउछ तर मासु जाचँ प्रयोजनका लागि गाइ गोरु र प्रचलित कानून बमोजिम बन्देज गरिएको पशु शब्द भन्ने छ त्यसैले यो जंगली जनावरको सन्दर्भमा बन ऐनले उ गरेको हुनाले मासु प्रयोजनको लागि गर्न सकिदैन भन्ने शब्दको स्पष्ट व्याख्या हुनु पर्ने हो यहा र अर्को कुरा यो जंगली जिवित जनावर भन्दा खेरी यसको अर्थ अर्को लाग्न सक्दछ । मैले यति नै सुझाव दिएको हो यो सन्दर्भमा स्पष्ट लेखिनु पर्दछ । अर्को यो करिव करिव सुझावको रुपमा आएको छ र यो परम्परागत यो दफा २९ मा लेखिया छ परम्परागत गोठको सन्दर्भ छुटेको छ यहा २९ मा के भनिएको छ भने व्यवसायिक पशुपालन व्यवसायिक स्तरमा पशु पालन गर्न चाहाने व्यक्तिले असल पशु पालन अभ्यासको लागि गोठ, खोर वा माछा पोखरी निर्माण गर्दा यसको लागि आवश्यक ढाचा र नमूना वैज्ञानिक पद्दती सँग मेल खाने गरी तयार गरिनु पर्दछ भन्या छ अब यो वैज्ञानिक भन्ने के हो भनेर यहा चाहि तल तोके बमोजिम हुने छ भन्नु पर्ने हो नत्र यो अस्पष्ट भयो बैज्ञानिक भनिदियो अब यो बैज्ञानिक भन्या के हो त कि त यहा तोक्नु पर्यो यहा छुट भया छ र यो शब्द राख्नु पर्दछ यहा मन्त्रीपरिषदले वा मन्त्रालयले कस्तो हुने छ गोठ खोर भनेर तोके बमोजिम हुनु पर्ने हो बैज्ञानिक हुनुपर्ने छ भनिदियौ हामीले अब त्यो वैज्ञानिक के हो भन्ने कुराको अर्थ राख्दैन त्यसैले यसमा थप के पनि हो भने परम्परागत जुन गोठ खोरहरु छन् तिनलाई अहिले विस्तापित गर्न सक्दैनौ त्यसैले तिनिहरुलाई कानूनले मान्यता दिएन भोली उनिहरुले अनुदान नपाउने समस्या खडा हुन सक्छ त्यसैले यसमा चाहि परम्परागत गोठ, खोर वा पुराना माछापोखरीहरु समेतलाई सम्झनु पर्दछ भनेर यो २९ मा राखिनु पर्दछ किन भने कृषकहरुलाई यसले समस्या खडा गर्न सक्दछ । यो मेरो सुझाव छ । अर्को कुरा यहा छुटेको कुरा के छ भने यो वली प्रथा सम्बन्धमा पनि हामीले कानून बनाउनु पर्दछ किन भने अब यो प्रचलित कानूनलाई नै मानेर जाने हो राज्यले अब पहिला सति प्रथा थियो सति प्रथा पनि त्यो कानून बमोजिम नै थियो त्यतिबेलाको अब त्यसलाई कानून बमोजिम नै सति प्रथा बन्देज गरियो कानून बमोजिम नै विवाह बन्धन हुने कुरा हुन्थ्यो । कानून बमोजिम नै वाल विवाह अनमेल विवाह बहु विवाह रोकियो भनेपछि पुराना कानूनहरुले मान्यता दिएकै कुरालाई नयाँ कानूनले विस्थापित गर्ने हो । त्यसैले हामीले यहानिर आट गर्नु पर्थ्यो यो बली प्रथाको सम्बन्धमा अब बलि गरिन्छ धार्मिक हाम्रो पुजाँआजामा मन्दीरहरुमा बली गरिन्छ तर त्यहानिर के कुराको हेक्का राख्नु पर्यो भने हामी २१औ सताव्दीमा छौ पशु अधिकारका कुराहरु हामीले अन्तराष्ट्रिय ... पनि गरेका छौ । अन्तराष्ट्रिय महासन्धीहरुमा हामीले दस्तखत गरेका छौ । पशु सम्बन्धी अब त्यहानिर पशुहरुलाई बली गर्दा खेरी घाइते बनाएर लखेटैर अथवा मापदण्ड भन्दा विपरित हत्या गरिने कुराहरुको सन्दर्भमा कानून चाहि बनाउनु पर्दथ्यो र यसमा यो कानून छुट भएको छ यो दफा

३४ मा मैले सुझाव दिएको छु बली प्रथामा बद गरिने पशुहरुलाई कुदाइ, धपाइ, लखेटी वा अनावश्यक हतियार प्रयोग गरी पिट्ने लठ्ठीले पिट्ने जस्ता कुराहरु र ७-८ दिन सम्म भोकै राखेर बाध्ने कालाखाम बाध्ने भन्ने चलन छ यो भोकै राख्ने र पशुलाई एकदम निन्नो चोखो राख्ने भन्ने चलन हुन्छ यसलाई भोकै राख्ने कुरालाई यो कानूनले बन्देज गर्नु पर्दछ किन भने पशु राईटको कुरा हुन्छ उनिहरु मुख दर्शक भएर बसि रहन्छन । उनिहरुको बोली हुदैन उनिहरुको सम्बन्धमा अन्तराष्ट्रिय सन्धी अनुसार हामीले कानून निर्माण गर्नु पर्छ त्यसैले अब परम्परागत ढंगले अब हामीले घाइते रोगी पशुहरुलाई बली त दिदैनौ तर पनि कतिपय ठाउँमा भोकै राखिएको रोगी किसमको जाच नगरिकन बली दिने पनि चलन भएको हुनाले यो सन्दर्भमा हाम्रो यो पशु ऐनले बोल्नु पर्दछ भन्ने मेरो सुझाव रहेको छ र यो छुटेको छ अब यसलाई कसरी हुन्छ र अर्को कुरा पशु पालक किसानले पशुहरु स्थानीय तहमा अनिवार्य दर्ता गर्नु पर्दछ भन्ने प्रावधान पनि यसमा राखिनु पर्दछ नत्र यो बेवारिसे पशुको जुन समस्या देखिएको छ यो के छ भने कति छन त पशु वडामा त्यो वडा भित्र कति छन् त त्यो पालिका भित्र भन्ने एकिन संख्या नभएका कारणले प्रत्येक पशुपालक किसानले पशुको जन्म, मृत्यू दर्ता कति मर्यो त उसको मृत्यूदर्ता गर्नु पर्ने बरु निशुल्क रुपमा दर्ता गरिनु पर्ने उसले पशु जन्मेको अथवा पशु खरिद गरेर ल्याएको भए पनि उसले चाहि पशु पालक किसानले मेरो घरमा यति पशु छन् भनेर आवधिक ६ महिना भित्र तत् वडा कार्यालय नगरपालिका भित्र स्थानीय तहमा दर्ता गर्नु पर्छ भनेर पनि हामीले ऐनमा राखिदियो भने वेवारिसे पशुको जुन छाडा छोडिदिने जुन गाइको सन्दर्भमा कुरा गर्दा मासु प्रयोजन नहुने भएको हुनाले दुध मात्रै प्रयोजन हुने र अहिले जोत्ने कुरामा गोरुलाई नजोतिने अब च्याम्फा र टयाक्टरहरु वितरण भए पहाडतिर जोतिन्छ त्यसैले गाइ गोरु छाडा छोडिने अवस्था रहेको छ त्यसैले यो गाइको सन्दर्भमा स्थानीय तहले संविधान तह स्थानीय लाइ व्यवस्थापन भन्या छ वेवारिसे तर उनिहरुले गरिराखेको छैन त्यसैले यो कानूनमा हामीले स्पष्ट ढंगले गाइ गोरुको दर्ता पशु पालक किसानले दर्ता गर्नु पर्ने र छोड्नु पर्ने भयो भने पशु बैंकको रुपमा स्थानीय तहले संचालन गर्नु पर्ने ती पशुहरुलाई जम्मा गर्नु पर्ने बरु लेवि लिनु पर्ने । जस्तो मैले २ वटा गाई लगेर छोड्नु पर्ने भो भने कहा लगेर छोड्ने त मलाई त आम्दानीमा घाटा भैराखेको छ किसानलाई समस्या तर त्यो जम्मा गर्ने ठाउँ पनि स्थानीय सरकारले देखाइ दिनु पर्यो सार्वजनिक गौशाला बनाएर त्यहा जम्मा गर्दा खेरी उसले एक साल सम्मको ढुटोको पानीको अथवा चाराको पैसा जम्मा गर्न सक्छ उसले २ हजार ३ हजार तर जम्मा गर्ने ठाउँ देखाइदियो भने उसले वेवारिसे छोड्दैन नत्र यो किसानलाई पनि झमेला भैराछ अब पाल्नै पर्छ भनेर गर्न पनि गारो हुन्छ त्यसैले यो कानूनमा यो खुलाई दिएको भए पशु बैंकको रुपमा अथवा सार्वजनिक पशु पालन स्थानीय तहले गर्ने त्यस बापत स्थानीय तहबाट जस्तै सफाई शुल्क लिन्छौ सरसफाइ शुल्क लिन्छौ बातावरणीय शुल्क लिन्छौ भने वेवारिसे पशु शुल्क भनेर लगाउन सकिने वा वेवारिसे पशु छोड्नेले जम्मा गर्नेले आफै शुल्क तिर्ने भन्ने कानूनमा व्यवस्था गरिदिएको भए यसले पनि हामीलाई अलि सजिलो गर्थ्यो अब ठिकै छ यो संशोधनमा अरु पनि आउलान यसमा समावेश गर्न सकिन्छ भने यो

दफा ३५ मा यो समावेश गरियोस पशु दर्ता सम्बन्धमा र स्थानीय तहलाई नै बढी नै हामीले प्राथमिकता दिनु पर्छ यो कानूनले पनि दिएको भएको हुनाले मैले यो सन्दर्भमा सुझाव दिएको छु बाँकी यो धेरै मेहनत गरेर धेरै बैठक गरेर यो आएको छ यो राम्रो छ । सामाजिक विकास समितिबाट यो छलफल गरेर मन्त्रीजीहरु समेत उपस्थित भएर आएकोले यो सर्व सम्मत रुपमै यो पास हुन्छ मलाई लागि रहेको छ किन भने अहिले सम्म हाम्रा विधेयकहरु हुन्न भन्ने शब्द आएको छैन आज पनि यो विधेयकमा किन भने यो जनताको लागि आएको विधेयक भएको हुनाले सबैले यसलाई पास गर्दछन भन्ने मैले सभामुखज्यू मार्फत सम्पूर्ण गरिमामय सदनमा अनुरोध गर्न चाहान्छु । खास गरी विपक्षी बेन्चमा त अहिले अलि समृद्ध भएको छ विपक्षी फोलोर त्यहा चाहि साथिहरु अलि वृद्धि भएको छ त्यसैले पनि यसलाई चाहि हुन्न भन्ने शब्द आउदैन उहाहरु अहिले सभापति नै ३ विपक्षी बेन्चमा देखिएका छन् यो गरिमामय सदनमा मन्त्री पूर्व मन्त्रीहरु प्रभावशाली मन्त्रीहरु विपक्षी बेन्चमा चाहि समृद्ध भएको छ विपक्षी बेन्च अलि सत्तापक्ष दुब्लाएको छ तै पनि यो चाहि विधेयकलाई सर्वसम्मत रुपमै पास गरिदिन हुन हार्दिक अनुरोध गर्दै मेरो भनाई टुङ्ग्याउछु धन्यवाद ।

**माननीय सदस्यहरू,**
**"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफल समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**
अब, विधेयक प्रस्तुतकर्ता भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।
माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि सामान्य छलफलमा भाग लिनु भएका माननीयज्यूहरुलाई सर्वप्रथम धन्यवाद दिन चाहान्छु र यो विधेयक प्रदेशको एउटा अर्थतन्त्र महत्वपूर्ण ठाउँ ओगटेको पशु व्यवसाय भएको हुनाले र यसलाई हामीले पशु स्वास्थ्य एउटा मानव सँग पनि जोडिएको लगायत थुप्रै भएकोले अति आवश्यकता प्रदेशमा भएको हुनाले यो विधेयकलाई अगाडी सारिएको छ र हाम्रो यो विधेयकमा प्रदेशको हितको लागि महत्वपूर्ण किसानहरुको उसमा आएको छ र विशेष गरेर जुन छलफलमा उठान भएको कतिपय विषयबस्तुहरु एउटा समावेश गर्नै पर्ने जुन विषय बुदाहरु छ त्यसलाई एकदमै हामीले जो आएको सुझाव त्यसलाई समावेश गरेर विधेयकलाई हामी पास गर्ने छौ र जो एउटा यो भित्र राखिएको मलाई लाग्छ जस्तै मानौ हामीले स्थानीय सरकारसँग पनि जोडिनु पर्ने विषयहरु आएको छ । त्यो विधेयक माथि त्यो स्थानीय सरकार सँग पनि साहेद समावेश

गरिएको छ । जस्तै मानौ हामी जो तथ्यांक भनेका छौ त्यो भित्र स्थानीय सरकार लगायत प्रदेश सरकार सँगै चाहि हामी जोडिएर कम्तीमा तथ्यांक लियो भने एकिन आउछ र त्यो अनुसार हामीले जस्तै हामीले जरिमाना लगायत जस्तै हामीले हरेक पशु सम्बन्धी हुने हाम्रो प्रदेशमा जो एउटा समस्याहरु छ त्यसलाई व्यवस्थित गर्नको लागि थुप्रै विषयबस्तुहरु जुन विधेयकमा समावेश गरिएको छ तै पनि विधेयकमा महत्वपूर्ण विषयबस्तुहरु छुटेको छ भने एकदमै राख्नै पर्ने विषयलाई त्यो समावेश गरिने छ र अन्तिममा हाम्रो सामाजिक विकास समितिले एकदमै छलफल गरेर गहन छलफल गरेर एउटा विधेयकलाई ल्याएको छ सभापति लगायत सम्पूर्ण सदस्यहरुलाई धन्यवाद दिन चाहान्छु र यो विधेयक हाम्रो सुदूरपश्चिम प्रदेश हाम्रा पशु पालन किसानहरुका लागि महत्वपूर्ण एउटा विधेयक बन्ने छ र त्यो अनुसार आगामी दिनमा यो विधेयकलाई महत्वका साथ कार्यान्वयन गरेर किसानहरुको हितमा हामीले यो विधेयकलाई लिने छौ भन्ने कुरा राख्छु हवस त धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ७५ (पचहत्तर) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरुलाई विधेयकको अङ्ग बनाईयोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समूहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।
यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ७५ (पचहत्तर) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरु सर्वसम्मतिले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब, विधेयकका २ देखि ३९ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि ३९ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**<u>प्रस्तावना</u>** : मुलुकको अर्थतन्त्रको महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याई पशु स्वास्थ्य, जनस्वास्थ्य एवम् पशु कल्याण सुनिश्चित गर्दै पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको स्वच्छ र स्वस्थ रुपमा उत्पादन, बिक्री वितरण, निकासी तथा पैठारी गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेश भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**माननीय सदस्यहरू,**

अब, विधेयकको प्रस्तावना र नाम **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अव, विधेयक प्रस्तुतकर्ता भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय **"सुदूरपश्चिम प्रदेशकोपशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"प्रदेश लोक सेवा आयोग ऐन लाई संशोधन गर्न २०७६ ,बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, भौतिक पूर्वाधार विकास मन्त्री माननीय दीर्घ बहादुर सोडारीलाई **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा

नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय **प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक** सामान्य छलफलका लागि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब, **"प्रदेश लोक सेवा आयोग ऐन लाई संशोधन गर्न २०७६ ,बनेको विधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश लोक सेवा आयोग ऐन लाई संशोधन गर्न २०७६ ,बनेको विधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिनेछ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय सुशिला बुढाथोकीलाई समय दिन्छु ।

**माननीय सुशिला बुढाथोकी**

माननीय सभामुख महोदय प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक यो गरिमामय सदनमा टेबुल भएको छ । यो विधेयकलाई स्वागत गर्दै सुदूरपश्चिम प्रदेशको ठुलो समस्याको रुपमा रहेको कर्मचारीहरुको अभाव व्यवस्थापन हो । हामीले लोकसेवा आयोग गठन गरिसकेका छौ त्यसको काम हुन सकेको छैन कर्मचारीहरुको पदपूर्ति गर्न ठुलो समस्या देखिएको छ । सरकारको जुन काम गर्न पर्ने थियो त्यो अनुसारको काम हुन सकेको छैन । करारमा कर्मचारी भर्ना गर्न सम्म अधिकार छैन त्यसैले यो सबै समस्याको समाधान गर्ने उद्देश्यले यो विधेयक आएको छ । संशोधनमा केही आवश्यक बुदाहरु थपिएर आएको र त्यसमा फेरी पनि

सबै सरोकारवालाहरु सँग छलफल गरि सुझाव संकलन गरी यो विधेयकलाई दफावार छलफको लागि समितिमा पठाईयोस र छिटो भन्दा छिटो यो विधेयक पारित होस भन्ने कुरा राख्दै मेरा कुरा अन्त्य गर्दछु धन्यवाद ।

**माननीय देवकी मल्ल**

माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोग ऐन, २०७६ यो सभाले ऐन पास गरेको थियो त्यसको पहिलो दोस्रो संशोधन पछि हामी तेस्रो संशोधनको पत्र सभामा टेबल भएको छ लोकसेवा आयोगको खास उद्देश्य कर्मचारीहरुलाई सेलेक्ट गर्ने र इलेक्ट्रिक जनप्रतिनिधीहरु र सेलेक्टीक्ट कर्मचारीहरुले देश प्रदेश समाज बनाउने कुराहरु र सबै कामहरुलाई अगाडी बढाउने कुरालाई ध्यानमा राखेर जुन यो विधेयक आएको छ यो विधेयकमा सब भन्दा हाम्रो समस्या कर्मचारीहरुका दरबन्दीहरु खास गरी धेरै ठाउँमा लुकाइने हराइने र मनपरि तरिकाले कर्मचारीहरु भर्ना गर्ने कामहरु चलिराखेका छन् अहिले सम्म स्थानीय तहमा भएका कर्मचारीहरु पनि निजामति कर्मचारीहरु छन् । नयाँ कर्मचारीहरु भर्ना गर्नु पर्ने स्थिति छ त्यसैले यो लोकसेवा आयोग जो हामीले ऐन बनाएका छौ यो ऐन छिटो भन्दा छिटो सुचारु हुनु पर्ने र लोकसेवा आयोग जो गठन गरेका छौ त्यो लोकसेवा आयोगले कामहरु छिटो भन्दा छिटो अगाडी बढाउनु पर्ने अहिलेको टट्कारो आवश्यकता हो त्यसैले स्थानीय तहमा रहेका कर्मचारीहरुलाई पनि लोकसेवा आयोगबाट कसरी पदपूर्ति गर्न सकिन्छ सुचारु गर्न सकिन्छ । अर्को टटकारो विषय भनेको अनुगमनको विषय यसमा पनि राखिएको छ । यो विषय जो छ यो विषय एकदमै टटकारो आवश्यकता छ । प्रदेशका, स्थानीय तहका वा सबै तहका कर्मचारीहरुलाई निरीक्षण गर्ने अथवा अनुगमन गर्ने वा के भैराखेको छ कर्मचारी पदस्थापनाका कुरा देखि दरबन्दी फुलफिलका कुराहरु देखि सबै कुराहरुमा यो विधेयकले यो पत्रले जो कुरा बोल्न खोजिराखेको छ यो एकदमै ठिक छ सैद्धान्तिक हिसाबले यसमा लेखिएका कुरा र थप सदनमा छलफल भएर यो विधेयक पास हुने छ लोकसेवा आयोगले आफ्नो काम कारवाहीहरु छिटो भन्दा छिटो अगाडी बढाउन पाउने छ जसले गर्दा स्थानीय तह, प्रदेश सरकार भित्र रहेका कर्मचारीहरु प्रदेश भरीका कर्मचारीहरुले एउटा सही तरिकाले काम गर्ने र लोकसेवा बाट सेलेक्ट भएर अगाडी बढ्ने बाटो खुलेको छ भन्ने कुरा राख्दै विदा हुन्छु हवस धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, भौतिक पूर्वाधार विकास मन्त्री माननीय दीर्घ बहादुर सोडारीलाई **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

सभामुख महोदय, प्रदेश लोकसेवा आयोग ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि माननीय सुशिला बुढाथोकी, माननीय देवकी मल्ल थापाज्यूले गहनतम विषयहरु उठाउनु भएको छ । हामीले प्रदेश सरकार बनेको करिव साढे तीन बर्ष करिव पौने चार बर्षमा जादै छौ । प्रदेशले आफ्ना कर्मचारीहरु राख्न सकेको अवस्था छैन । केही नीतिगत अपठ्यारोको कारणले गर्दा यो राख्न सकेन । लोकसेवा आयोग बनेर आयोगले आफ्नो कामलाई द्रुत गतिमा अगाडी बढारहेको छ त्यसैले आयोगलाई परेको अपठ्यारोलाई सजिलो बनाउनका लागि केही संशोधन गर्नु पर्ने आवश्यकता महसुस गरी संशोधन प्रस्ताव पेश भएको अवस्था हो र त्यस माथि पनि दफावार छलफल भएर सामान्य छलफलका साथ यो अन्तिमतिर पुगेको छ त्यसैले माननीयज्यूहरुका सुझावलाई समेट्दै परिस्कृत गर्दै प्रदेश लोकसेवा आयोगको जो लक्ष्य हो लक्ष्य पुरा गर्नका निम्ती सफलता मिल्ने छ भन्ने कुरा राख्दै सुझाव प्रस्तुत गर्नु हुने माननीयज्यूलाई धन्यवाद दिन चाहान्छु धन्यवाद नमस्कार

**माननीय सदस्यहरु,**

**"प्रदेश लोक सेवा आयोग ऐन लाई संशोधन गर्न २०७६ ,बनेको विधेयक** "माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, सामाजिक विकास राज्यमन्त्री माननीय मना कुमारी साउँदलाई **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६लाई संशोधन गर्न बनेको विधेयक"** माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिनेछ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय कुलविर चौधरीलाई समय दिन्छु ।

## माननीय कुलविर चौधरी

माननीय सभामुख महोदय, "सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६लाई संशोधन गर्न बनेको विधेयक" माथि सामान्य छलफलको लागि यो सदनमा प्रस्तुत भएको छ र यो विधेयकलाई छलफल गरी यो सदनमा प्रस्तुत गर्दा सम्बन्धीत समितिका सभापति लगायत सम्पूर्ण सदस्यज्यूहरुलाई धन्यवाद दिन चाहान्छु । यो विधेयक पास भएर गैसकेता पनि यो विधेयक केही बुदाहरु प्राविधिक कारणले छुट हुन गएको कारणले गर्दा खेरी पुनः सामान्य छलफलका लागि यो सदनमा पेश भएको छ । यो विधेयक एकदम महत्वपूर्ण विधेयक हो । यो मानवजीवन सँग सँगै यो राष्ट्र सँग पनि जोडिएको एउटा महत्वपूर्ण विधेयक भएको हुनाले यो विधेयक राष्ट्रको गहनाको रुपमा अगाडी बढोस भन्ने राख्न चाहान्छु र यो विधेयक माथि सामान्य छलफल गर्नु पर्दा यो विधेयकमा खास गरी एउटा बुदा मात्रै थप्नु पर्ने देखिएको र त्यो बुदा खण्ड ञ मा रहेको सदस्य सचिवको पदावधि व्यवस्था ऐनमा नभएकोले उक्त व्यवस्था राख्नको लागि भनेर गरिएको छ तर जे भए पनि यो विधेयक यो सदनबाट चाडै पास होस र व्यवहारमा आवस र कार्यान्वयनमा आइ एकदमै युवा र देशका लागि अगाडी बढोस र यो विधेयक एउटा महत्वपूर्ण देशको गहना भएको कारणले गर्दा छिटो पास होस भन्ने सुझाव राख्दै विदा हुन्छु हवस त धन्यवाद ।

**माननीय नन्द बहादुर साउँद**

सभामुख महोदय, "सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६लाई लाई हामीले विधिवत तरिकाले समितिमा र यहाको विज्ञहरुमा व्यापक छलफल गरेर अन्नत हामीले सदनले पास गरेका थियौ र केही प्राविधिक कारणले गर्दा केही कुराहरु छुटेको र केही जोड्नु पर्ने भाको हुनाले अहिले यो प्रदेश सभाको यो सदनमा पहिलो संशोधन २०७८ यहा टेबल भएको छ यसका लागि माननीय मन्त्रीज्यू लगायत मन्त्रालयलाई विशेष धन्यवाद दिन चाहान्छु । विशेष त यो खेलकुद परिसद अथवा यो विधेयक हामीले समितिमा र यहाका विज्ञहरुसँग हाम्रो प्रदेशका गहना यहाका संस्कृति यहाको पर्यटन सबै चिजलाई ध्यान दिएर व्यापक छलफल गरेका थियौ आज प्रदेशलाई विशेषत त खेलको क्षेत्रमा, संस्कृतिको क्षेत्रमा, पूर्वाधारको क्षेत्रमा व्यसायको क्षेत्रमा प्रदेश र अन्तराष्ट्रिय स्तरमा चिनाउनका निम्ती यहाको हाम्रो जनशक्तिलाई सुदृढ गर्नको निम्ती यो खेलकुद विधेयक भनेको महत्वपूर्ण विषय हो त्यसैले विशेष त यसले गरेको कल्पनाहरु खेल परिषदका कल्पना गरेका छौ । यहा अध्यक्षको कल्पना गरेका छौ । त्यस पछि गएर जिल्ला खेलकुद सदस्य सचिव लगायत यसलाई आवश्यक पर्ने जनशक्ति यसको अफिसियल कुराहरु र विशेष त खेल प्रशिक्षण हाम्रो प्रदेशमा अब नयाँ आउने जनशक्तिहरुलाई पनि एउटा प्रशिक्षणका माध्य र पूर्वाधारका माध्यमहरुबाट हामीले प्रदेशलाई चिनाउन खोजेको कुराहरु हो । त्यसैले अहिले संशोधनमा फेरी यो सदनमा आएको छ । यो पहिलो संशोधनमा विशेष त यो यसका केही विषयहरु परिच्छेद र संक्षिप्त नाम सुदूरपश्चिम पहिलो संशोधन २०७८ रहेको छ र यो दफा ४ को उपदफा १ मा खण्ड ङ देखि झ भन्ने शब्दहरु यहा सम्म के शब्द राखिएका छन् त्यसैले यहा आवश्यक बुदाहरुलाई छलफलको माध्यमबाट छिटो भन्दा छिटो पास भएर यसको प्रक्रियामा अगाडी बढोस भन्ने कुरा म राख्न चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, सामाजिक विकास राज्यमन्त्री माननीय मना कुमारी साउँदलाई **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

माननीय सभामुख महोदय, **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६लाई संशोधन गर्न बनेको विधेयक"** मा माननीय सदस्यज्यूहरुले माननीय कुलविर चौधरी र माननीय नन्द बहादुर साउँदले

महत्वपूर्ण सुझाव दिएर जानु भएको छ माननीयज्यूका सुझाव सल्लाहलाई हामी मनन गर्दै यसलाई केही छुटेका विषयहरुलाई समावेश गर्ने छौ र माननीयज्यूहरुलाई धन्यवाद व्यक्त गर्दै जुन हाम्रो सुदूरपश्चिम प्रदेश खेलकुद विकास गर्नको निमित्त यो विधेयक एउटा कार्यान्वयनको प्रक्रियामा छ र यसलाई केही खेलकुद परिषदका सदस्य सचिवको पदावधि उल्लेख नभएको हुना सदस्य सचिवको पदावधी ४ बर्ष थप गर्न र सदस्य सचिवलाई पदमुक्त गर्नु अघी सफाइको मौका दिनु पर्ने विषय थप यो विधेयकमा छलफल भएर समावेश भएको छ त्यसैले यस विधेयकलाई एउटा छलफल बहस माननीयज्यूले दिनु भएका सुझाव सल्लाहलाई हामी समावेश गर्ने छौ भन्ने कुरा राख्दै माननीयज्यूहरुलाई धन्यवाद व्यक्त गर्दै अब यो छिट्टै यो सदनबाट पास भएर अगाडी बढ्ने छ भन्ने कुरा विश्वास दिलाउदै विदा हुन्छ धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति द्दण्ठ८ साल असोज १५ गते शुक्रबार दिनको २:०० बजे बस्ने गरी स्थगित भएको घोषणा गर्दछु ।